REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: **04**.03.2025

CM Karakar Bharosha Sammelan

मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नु भएको छ सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीको सरकार कल्याणकारी कार्यक्रमहरूको घोषणा गर्ने मात्र नभएर यसलाई कार्यान्वित गर्ने सरकार हो। उहाँले भन्नुभएको छ एसकेएम पार्टीले सत्ता सम्हालेपछि प्रत्येक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरूलाई सम्मान र उचित न्याय प्रदान गरिएको छ। श्री तामाङ आज नाम्चीमा आयोजित दोस्रो कलाकार भरोसा सम्मेलनको समापन समारोहलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दैहुनुहुन्थ्यो। राज्यका विभिन्न नृत्य र संगीत प्रशिक्षण केन्द्रहरूलाई सरकारले वर्षेनी आर्थिक सहयोग प्रदान गर्दै आइरहेको कुरो बताउँदै मुख्यमन्त्रीले प्रत्येक वर्ष चार मार्चका दिन सिक्किम कलाकार भरोसा सम्मेलन आयोजित गर्ने घोषणा गर्नुभयो। विगत छ वर्षमा सिक्किमका गरीब जनताको हितमा धेरै कार्यहरू भएको उल्लेख गर्दै उहाँले स्वास्थ्य सँगसँगै शिक्षा, पूर्वाधार विकास र पर्यटनलाई पनि अघि बढ़ाउने सरकारको प्रतिवद्धता रहेको कुरो बताउनुभयो। दिवगंत कलाकारहरूप्रति श्रध्यासुमन अर्पण र संगीत कला क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने कलाकारहरूलाई सम्मान र प्रसिद्ध कलाकारहरूद्वारा सांगीतिक प्रस्तुती समारोहका अन्य आकर्षण थिए। यस अवसरमा अन्य वाहेक मन्त्रीगण, विधायकवर्ग, पूर्व विधायकहरू र धेरै संख्यामा कलाकारहरूको उपस्थिती थियो।

New Branch SBI

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज बिहान नाम्ची जिल्लाको मणिराम भञ्ज्याङमा स्टेट ब्याङ्क अफ सिक्किमको नव स्थापित शाखाको उद्घाटन गर्नुभयो। नागरिकहरूलाई सहयोग गर्ने र जन सेवा उपलब्ध गराउने राज्य सरकार र स्थानीय प्रशासनको यस पहलले स्थानीय मानिसहरूलाई सगाव पुग्न जाने बताइएको छ।

SDF Foundation day

सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टीले आफ्नो 33 औं स्थापना दिवस मनायो। यस अवसरमा गान्तोकको इन्दिरा बाइपासस्थित पार्टी मुख्यालयमा कार्यक्रम आयोजन गरियो। यसलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै एसडिएफ का अध्यक्ष तथा पूर्व मुख्यमन्त्री पवन चामलिङले पार्टीले सदैव राज्य र राज्यवासीहरूको हितमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। उहाँले एसडिएफ पार्टीको सरकारको कार्यकालमा राज्यमा सुशासन शान्ति र साम्प्रदायिक सद्भावना कायम रहेको दाबी गर्नुभयो। एसकेएम पार्टीले चुनाव घोषणापत्रमा दिइएका वचनहरू पूरा नगरेको आरोप लगाँउदै श्री चामलिङले भन्नुभयो एसडिएफ पार्टीको कार्यकालमा राज्यको विकाससित सम्बन्धित धेरै कार्यहरू भएका छन्। कार्यक्रममा धेरै संख्यामा पार्टी कार्यकर्ता र समर्थकहरू उपस्थित थिए। यहाँहरूलाई थाहै होला सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टी 1994 सालदेखि 2019 साल गरी निरन्तर पच्चीस वर्ष सम्म सत्तामा थियो।

DLRC Meeting

पाकिम जिल्ला प्रशासनिक केन्द्रमा आज वित्तीय समावेशन तथा जनसुरक्षाका निम्ति जिल्ला परामर्श समिति र जिल्ला स्तरीय समीक्षा समितिको बैठक बस्यो। जिल्लामा आर्थिक वृद्धि र वित्तीय समावेशनको प्रबर्ध्यनका लागि वित्तीय योजनाहरूको कुशल कार्यान्वयन सुनिश्चित गर्ने उद्देश्यले बैठक डाकिएको थियो। यसमा जिल्लाको ऋण जमा अनुपात, 2024 -2025 सालका लागि वार्षिक ऋण योजना, कृषि, सूक्ष्म, लघु तथा मध्यम उद्यम लगायत विभिन्न क्षेत्रका उपलब्धिको लेखाजोखा प्रधानमा रोजगार अर्जन कार्यक्रम, वित्तीय साक्षरता तथा ऋण परामर्श, किसान क्रेडिट कार्ड र स्वयं सहायता समूहहरूको स्थितिबारे चर्चा भयो। बैठकमा बोल्दै जिल्लाधीश श्री रोहण अगवानेले स्थानीय वासिन्दाहरूको वित्तीय साक्षरतामा वृद्धिका लागि वित्तीय साक्षरता तथा ऋण परामर्श कार्यक्रमको विस्तार गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो। उहाँले सबै ब्याङ्कहरूसित समयमा आफ्नो लक्ष्य पूरा गर्ने RC आग्रह गर्नुभएको छ।

Panchayati Raj Ministry

केन्द्रीय पञ्चायती राज मन्त्री राजीव रञ्जन सिंहले भन्नु भएको छ देशभरिमा लगभग दस लाख चालिस हजार महिलाहरू पञ्चायती राज संस्थाहरूसित जोड़िएका छन्। उहाँ आज नयाँ दिल्लीमा निर्वाचित महिला प्रतिनिधिहरूको राष्ट्रिय सम्मेलनमा सशक्त पञ्चायत नेत्री अभियानको उद्धाटन समारोहलाई सम्वोधन गर्दै हुनुहुन्थ्यो। श्री सिंहले भन्नुभयो सरकारले महिलाहरूलाई सशक्त बनाउनका लागि

लखपति दिदी र नमो ड्रोन दीदी योजना जस्ता कैयौं पहल गरेको छ। केन्द्रीय मन्त्रीले महिलाहरूमा आत्मविश्वास जगाउनका लागि पञ्चायती राज संस्थाहरूमा कौशल विकासको आवश्यकतामाथि बल दिनुभयो। अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा पञ्याती राज मन्त्रालयद्वारा आयोजित यस कार्यक्रममा बाह्सय भन्दा अधिक निर्वाचित महिला प्रतिनिधिहरूले भाग लिए। कार्यक्रममा तेइसजना निर्वाचित महिला प्रतिनिधिहरूलाई उनीहरूका पञ्चायतमा गरिएका असाधारण कार्यहरूका लागि पुरस्कार प्रदान गरियो।

Weather

राज्यमा आज अपरान्हको समयसम्म घाम लागेर मानिसहरूलाई जाड़ोको अनुभव कम्ती गराए पनि साँझमा आकाशमा बादल छाएको देखियो। स्थानीय मौसम विज्ञान विभागको रिपोर्ट अनुसार बितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान सोह्र दसमलउ पाँच डिग्री सेल्सियस र न्यूनतम तापमान दस डिग्री सेल्सियस रेकार्ड गरियो। विभागले भोलि अधिकतम तापमान सत्र डिग्री र न्यूनतम दस डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ।